# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।३।२७)**

लोक सेवा आयोगको मिति २०८२/३/२६ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/३/२६ गतेको निर्णयानुसार कम्पनीका रिक्त पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह अन्तरगर्तका पदमा कर्मचारी सेवा, सर्त सुबिधासम्बन्धी विनियमावली, २०७९ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालयको मानव संसाधन विभागमा रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या | जेष्ठताद्वारा बढुवा |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/८१-०८२ | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | २ | २ |
| २ | ०२/०८१-०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | १ | १ |

**द्रष्टब्यः**

१. जेष्ठताद्वारा हुने बढुवाका लागि कार्यसम्पदान मूल्याङ्कनको गणना आ.व.२०८०/०८१ को असार मसान्तसम्मको हिसाबले गरिनेछ।

२. **परीक्षा दस्तुरः**-अधिकृत तह-६ को लागि रु.१,०००।-, वरिष्ठ सहायक, तह-५ का लागि रु.८००।- तोकिएको छ। तोकिएको दरखास्त दस्तुर कम्पनीको एभरेष्ट बैंक लिमिटेड, नयाँबानेश्वर, काठमाडौं शाखाको हि.न. ००१००१०५२०२२८१ KHADHYA BYABASTHA TATHA BYAPAR CO.LTD जम्मा गर्नुपर्नेछ।

३. सूचना प्रकाशित भएको मितिले ३० औं दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्न समयावधि थप हुनेछैन ।

४. दरखास्त फाराममा उल्लेख भएबमोजिम आवश्यक कागजात र विवरण भरी पेश नगर्ने उम्मेदवारहरूको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

५. जेष्ठताद्वारा हुने बढुवाका लागि न्यूनतम् सेवा अवधि पुगेका कार्यरत कर्मचारीले कम्पनीको वेभसाइट www.fmtc.org.np बाट फाराम downloads मा गई फाराम downloads गरी फाराम भरी आवश्यक कागजात सहित प्रधान कार्यालयको मानव संसाधन विभागमा बुझाउनु पर्नेछ।

६. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरू स्पष्ट, द्धिविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

७. सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन ।

८. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ ।

९. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

सदस्य सचिव

पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८२।३।२७)

लोक सेवा आयोगको मिति २०८२/३/२६ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/३/२६ गतेको निर्णयानुसार कम्पनीका रिक्त पदमा कार्यक्षमता मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह अन्तर्गतका पदमा कर्मचारी सेवा,सर्त र सुविधासम्बन्धी विनियमावली, २०७९ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालयको मानव संसाधन विभागमा रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या | कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा |
|---|---|---|---|---|---|---|---|
| १ | ०३/८०-०८१ | नायब कार्यकारी अधिकृत | ११ | | | २ | २ |
| २ | ०४/०८१-०८२ | विभागीय प्रबन्धक | १० | | | २ | २ |
| ३ | ०५/०८१-०८२ | सहायक विभागीय प्रबन्धक (सिभिल इन्जिनियरिङ्ग) | ८ | प्राविधिक | इन्जिनियरिङ्ग | १ | १ |
| ४ | ०६/०८०-०८१ | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | २ | २ |
| ५ | ०७/०८१-०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | ३ | ३ |

**द्रष्टब्यः**

१. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि कार्यक्षमता मूल्याङ्कनको गणना आ.व.२०८०/०८१ को असार मसान्तसम्मको हिसाबले गरिनेछ ।

२. परीक्षा दस्तुरः नायब कार्यकारी अधिकृत, तह-११ को लागि रु.२,५००।- विभागीय प्रबन्धक,तह-१०को लागि रु.२,०००।- सहायक विभागीय प्रवन्धक, तह-८ को लागि रु.१,५००।-, अधिकृत तह-६ को लागि रु.१,०००।-, वरिष्ठ सहायक तह-५ का लागि रु. ८००।- तोकिएको दरखास्त दस्तुर कम्पनीको एभरेष्ट बैंक लिमिटेड, नयाँबानेश्वर, काठमाडौं शाखाको हि.न. ००१००१०५२०२२८१ KHADHYA BYABASTHA TATHA BYAPAR CO.LTD जम्मा गर्नुपर्नेछ।

३. सूचना प्रकाशित भएको मितिले ३० औं दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्न समयावधि थप हुनेछैन।

४. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि न्यूनतम् सेवा अवधि पुगेका कार्यरत कर्मचारीले कम्पनीको वेभसाइट www.fmtc.org.np बाट फाराम downloads मा गई फाराम downloads गरी फाराम भरी आवश्यक कागजात सहित प्रधान कार्यालयको मानव संसाधन विभागमा बुझाउनु पर्नेछ ।

५. दरखास्त फाराममा उल्लेख भए बमोजिम आवश्यक कागजात र विवरण भरी पेश नगर्ने उम्मेदवारहरुको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

६. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरू स्पष्ट, द्विविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

७. सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन।

८. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ।

९. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि आवेदन फाराम भर्ने सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।३।२७)**

लोक सेवा आयोगको मिति २०८२/३/२६ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/३/२६ गतेको निर्णयानुसार कम्पनीको देहायका रिक्त पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह अन्तर्गतका पदमा कर्मचारी सेवा,सर्त र सुविधासम्बन्धी विनियमावली, २०७९मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेवसाइट www.fmtc.org.np मा गई Online application मार्फत प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ०८/०८१-०८२ | विभागीय प्रबन्धक | १० | | | १ |
| २ | ०९/०८१-०८२ | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | २ |
| ३ | १०/०८१-०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ३ |

**द्रष्टव्यः-**

१. **परीक्षा दस्तुरः**- विभागीय प्रबन्धक, तह-१० का लागि रु.२,५००/-, तह-६ का लागि रु. १,०००/- र तह-५का लागि रु.८००/- लाग्ने छ। दरखास्त फाराम भरिसकेपछि Payment Tab मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट उल्लिखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

२. आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम कम्पनीको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ।

३. लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। परीक्षा मिति पछि प्रकाशन हुनेछ ।

४. अनलाइन आवेदन दिने अन्तिम मिति २०८२ श्रावण १५ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२/४/२२ गतेसम्म हुनेछ। आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन।

५. उम्मेदवारले न्यूनतम् शैक्षिक योग्यताका प्रमाणपत्रका साथै कर्मचारी संकेत नम्बर भरी स्थायी नियुक्ति पत्र अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ।

६. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरु स्पष्ट,द्धिविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

७. सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन।

८. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियमावली, २०७९ बमोजिम हुनेछ।

९. रीत नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

सदस्य सचिव

पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।३।२७)**

लोक सेवा आयोगको मिति २०८२/३/२६ गतेको सहमति र पदपूर्ति समितिको मिति २०८२/३/२६गतेको निर्णयानुसार कम्पनीका रिक्त पदहरु खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रितपूर्वकको दरखास्त आव्हान गरिएको छ।तोकिएको योग्यता पुगेका उम्मेदवारहरुले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेवसाइट www.fmtc.org.np मा गई Online application मार्फत प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।विज्ञापनको सूचना कम्पनीको वेभसाइट www.fmtc.org.np मा समेत राखिएको छ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या | खुला/ समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११/०८१-०८२ | सह विभागीय प्रवन्धक | ९ | प्रशासन | लेखा | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संगठित सङ्घ,संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा ५ वर्षको कार्यानुभव। |
| २ | १२/०८१-०८२ | सहायक विभागीय प्रवन्धक | ८ | प्रशासन | लेखा | १ | खुला-१ | |
| ३ | १३/०८१-०८२ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सामान्य प्रशासन | ९ | खुला- ५<br>महिला-१<br>आ.ज.-१<br>मधेशी-१<br>अपाङ्ग-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण। |
| ४ | १४/०८१/०८२ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | लेखा | २ | खुला-१<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण। |
| ५ | १५/०८१/०८२ | वरिष्ठ अधिकृत (सिभिल इन्जिनियर) | ७ | प्राविधिक | इन्जिनियरिङ्ग | १ | महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त गरेको। |
| ६ | १६/०८१/०८२ | वरिष्ठ अधिकृत (कम्प्युटर इन्जिनियर) | ७ | विविध | कम्प्युटर | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त गरेको व्यक्ति। |
| ७ | १७/०८१/०८२ | वरिष्ठ अधिकृत (बजार विश्लेषक) | ७ | विविध | बजार विश्लेषक | १ | खुला-१ | बजारशास्त्रमा स्नातकोत्तर गरेको |
| ८ | १८/०८१/०८२ | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | १४ | खुला-८<br>महिला-१<br>आ.ज.-२<br>मधेशी-२<br>दलित-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ९ | १९/०८१/०८२ | अधिकृत | ६ | प्रशासन | लेखा | ३ | खुला-२<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण। |
| १० | २०/०८१/०८२ | अधिकृत (मिल मेकानिक्स) | ६ | प्राविधिक | मेकानिकल | १ | महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण। |
| ११ | २१/०८१/०८२ | अधिकृत (तथ्याङ्क) | ६ | विविध | तथ्याङ्क | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उत्तीर्ण। |

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या | खुला/ समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १२ | २२/०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ५ | खुला-३<br>आ.ज.-१<br>दलित-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह/१०+२ वा सो सरह उत्तीर्ण। |
| १३ | २३/०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | लेखा | ७ | खुला-४<br>महिला-१<br>आ.ज.-१<br>मधेशी-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह |
| १४ | २४/०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | गुणस्तर | २ | खुला-१<br>आ.ज.-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई टेक उत्तीर्ण |
| १५ | २५/०८१/०८२ | वरिष्ठ सहायक (बजार विश्लेषक) | ५ | विविध | बजार विश्लेषक | १ | खुला-१ | बजारशास्त्रमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण। |
| १६ | २६/०८१/०८२ | मिल अपरेटर | ५ | प्राविधिक | मेकानिकल | १ | आ.ज.-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह |
| १७ | २७/०८१/०८२ | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | २५ | खुला-१४<br>महिला-३<br>आ.ज.-३<br>मधेशी-३<br>दलित-२ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा २ जि.पि.ए. ल्याई एस. ई.ई.वा सो सरह उत्तीर्ण। |
| १८ | २८/०८१/०८२ | सहायक मिल हेल्पर | ४ | प्राविधिक | मेकानिकल | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई कम्तिमा २ जि.पि.ए. ल्याई ६ महिनाको मेकानिकल तालिम तथा २ वर्षको अनुभव प्राप्त भएको। |

<u>विज्ञापन सम्बन्धी विशेष सूचनाः</u>

**सम्मानीत सर्वोच्च अदालतबाट रिट नं. ०७८-wo-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरुमा मिति २०७९/१०/२४मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।**

## दृष्टव्यः

१. **परीक्षाको किसिमः**- लिखित, अन्तर्वार्ता र पाठ्यक्रममा तोकिएका अन्य विधिहरू ।

२. **पाठ्यक्रमः**- विज्ञापित पदहरुका पाठ्यक्रम कम्पनीको Website:- www.fmtc.org.np बाट प्राप्त गर्न सकिनेछ ।

३. **परीक्षा केन्द्रः**- काठमाडौं उपत्यकामा रहनेछ। सबै पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगबाट निर्धारण गरिनेछ।

४. खुल्ला प्रतियोगितामा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त फाराम भरी सकेपछि Payment Tab मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट दरखास्त बुझाउनु पर्नेछ।

५. **दरखास्त दस्तुरः**- सह विभागीय प्रबन्धक, तह-९ का लागि रु. २,०००।-, सहायक विभागीय प्रवन्धक, तह-८ को लागि रु.१,५००, वरिष्ठ अधिकृत, तह-७ का लागि रु. १,२००।-, अधिकृत, तह-६ का लागि रु. १,०००।-, वरिष्ठ सहायक तह-५ का लागि रु. ८००।- र सहायक, तह-४ का लागि रु.६००।- परीक्षा दस्तुर लाग्नेछ भने एकै उम्मेदवारले एउटै पदमा एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह-९का लागि थप रु.६००, तह-८ का लागि रु.५००।-, तह-६ र ७ का लागि रु.४०० र तह-४ र ५ का लागि रु.२००।- थप दस्तुर बुझाउनु पर्नेछ।

६. अनलाइन प्रणालीबाट दरखास्त बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिन अनिवार्य रुपमा तोकिएको दस्तुर सहित दरखास्त पेश गर्नु पर्नेछ ।

७. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

८. **दरखास्त दिने अन्तिम मितिः**- २०८२/४/१५ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२/४/२२ गतेसम्म।

९. **उम्मेदवारको उमेरको हदः-** तह-८ र ९ का लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ। अधिकृत स्तर तह-६ र तह-७ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ। सहायक तह-४ र तह-५ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ। कम्पनीमा बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

१०. **तलव भत्ता तथा अन्य सुविधाः-** कम्पनीको कर्मचारी सेवा,सर्त र सुबिधासम्बन्धी विनियमावली, २०७९ बमोजिम हुनेछ।

११. **काम गर्नु पर्ने स्थानः-**

क) तह-४ र तह-५ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीका सुदूरपश्चिम, कर्णाली, गण्डकी र अन्य प्रादेशिक कार्यालय अन्तर्गतका शाखा र डिपो कार्यालयहरू।

ख) तह-६ र ७ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीका मुख्य शाखा र शाखा कार्यालयहरु।

१२. **पदले गर्नु पर्ने कामः-** सम्बन्धित पद,सेवा, समूहका लागि कार्यविवरणमा तोकिएबमोजिम।

१३. **परीक्षणकालः-** कम्पनीको कर्मचारी सेवा,सर्त र सुबिधासम्बन्धी विनियमावली बमोजिम।

१४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१५. सह विभागीय प्रबन्धक तह-९ र सहायक विभागीय प्रबन्धक तह-८ का लागि निम्नानुसारको ५ वर्षको कार्यानुभव हुनु पर्नेछ।

✓ देहाय बमोजिमको निकायमा नियुक्ति भई रही सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो सेवालाई मान्यता दिइनेछः-

क) निजामती तथा अन्य सरकारी निकाय

ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था

ग) विकास समिति ऐन,२०१३ बमोजिम गठित विकास समिति

घ) ऐनद्वारा स्थापित संस्था वा निकाय

ङ) संयुक्त राष्ट्र संघ, यसका अङ्ग तथा विशिष्टीकृत निकाय

च) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु

छ) विश्व विद्यालयका आंङ्गिक क्याम्पस

ज) सामुदायिक विद्यालय वा क्याम्पस

✓ खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका सर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृत स्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

✓ सरकारी कर्मचारीले अन्य निकाय वा संगठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ

✓ एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

✓ एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

✓ सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

१६. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१७. समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशी समूह खुल्ने कागजात अनिवार्य पेश गर्नु पर्नेछ।

१८. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेखित भए बमोजिमको विवरण खुलाउनु पर्नेछ।

१९. कम्पनीको पदपूर्ति समितिको सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन।

२०. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा कम्पनीको कर्मचारी सेवा, सर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

२१. **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि आवश्यक पर्ने थप कागजातहरूः-**

क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही ऐनको सूचिको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित संवैधानिक आयोगबाट सिफारिस भएको पत्र पेश गर्नुपर्नेछ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित संवैधानिक आयोगबाट सिफारिस भएको पत्र पेश गर्नुपर्नेछ।

ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद वा अपाङ्ग भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय निकाय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

घ) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) पिछडिएको क्षेत्रको हकमा कम्पनीको विनियमावलीको विनियम ९ को उपविनियम (६) को स्पष्टीकरण खण्ड (अ) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट हालसम्म स्थायी बसोबास भएको भनी कम्तिमा तीन महिना अघि प्रमाणित गरेको कागजातको आधारमा।

२२. **Online प्रणालीबाट दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरुः-**

क) अपलोड गर्नुपर्ने कागजातः- उम्मेदवारको दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाण-पत्र, समावेशीको हकमा समावेशी प्रमाण-पत्र, शैक्षिक योग्यता (न्युनतम शैक्षिक योग्यता भए मात्र पुग्ने) तालिम, अनुभव, चारित्रिक प्रमाण-पत्र, सिभिल इञ्जिनियरिङ्ग जस्ता पदका लागि सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाण पत्र तथा सम्बन्धित विज्ञापनका लागि तोकिएको अन्य कागजातहरु अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ।

२३. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

२४. विज्ञापनसँग सम्बन्धित थप जानकारीका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौंको फोन नः ०१-५३५५४३४ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

सदस्य सचिव
पदपूर्ति समिति